बैठक मिति: २०७५/०८/६

<u>छलफल तथा निर्णयहरु</u>

१. सम्माननीय प्रधानमन्त्री तथा राष्ट्रिय योजना आयोगका अध्यक्ष के.पी. शर्मा ओलीज्यूको अध्यक्षतामा मिति २०७५।०८।२१ गते बस्ने आयोगको पूर्ण बैठकको तयारीका सम्बन्धमा बैठकलाई जानकारी प्राप्त भयो। साथै, उक्त बैठकको कार्यसूची अनुमोदन गरियो ।

२. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबाट प्राप्त प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को मस्यौदा उपर आयोगको राय/सुझाव माग भई आएको विषयमा बैठकमा पेश भएको राय/सुझाव पठाउन स्वीकृति प्रदान गर्ने ।

३. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट अनुरोध भई आएको देहायका सडकआयोजनालाई राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाको रुपमा सिफारिस गर्ने ।

(क) Earthquake Emergency Assistance Project अन्तर्गत संचालित पाँचखाल - मेलम्ची सडक खण्ड (ब.उ.शी.नं. ३०१८०१-४)

(ख) भरतपुर वाईपास सडक (ब.उ.शी.नं. ३३७३५६-४)

(ग) मदन भण्डारी लोकमार्गको खण्ड अन्तर्गतको घोराही–हर्नक–कमिरेचौर– प्यूठान सडक खण्ड र तुलसीपुर–पुरन्धारा–बोटेचौर सडक खण्ड (ब.उ.शी.नं.३३७१२५-४)

साथै, अब उप्रान्त नयाँ आयोजना सञ्चालन गर्नुपूर्व र आगामी दिनमा कार्यान्वयनमा जाने आयोजनाहरुको हकमा ठेक्का सम्झौता हुनु अगावै राष्ट्रिय प्राथमिकता तोकिनु पर्ने भएमा आयोगको पूर्व सहमति लिई मात्र संचालन गर्न मन्त्रालयलाई लेखी पठाउने।

४. आर्थिक सुधारको प्याकेज तयार गर्ने सम्बन्धी आर्थिक व्यवस्थापन महाशाखाबाट पेश भएको अवधारणा पत्र परिमार्जन सहित स्वीकृत गर्ने।

५. यस आयोगबाट तयार गरिएको राष्ट्रिय तथ्यांङ्क रणनीतिलाई नेपाल सरकार, मन्त्रिपरिषद्को स्वीकृतिका लागि प्रस्ताव पेश गर्न सम्माननीय प्रधानमन्त्रीज्यू समक्ष सहमतिका लागि पेश गर्ने ।

६. नेपालमा यातायात पूर्वाधारको विकास र व्यवस्थापनको वर्तमान स्थिति सम्बन्धी अध्ययन कार्य गराउने विषयमा आयोगको मिति २०७५/०६/१६ को बैठकबाट स्वीकृत अवधारणा पत्रका आधारमा तयार गरिएको कार्यक्षेत्रगत शर्त (ToR) अनुसार अध्ययन कार्य अघि बढाउन विषयको गहनता र विशिष्टतालाई हेर्दा सार्वजनिक खरिद ऐन, २०६३ बमोजिम त्रिभूवन विश्वविद्यालय, इञ्जिनियरिङ् अध्ययन संस्थान मार्फत गर्न सैद्धान्तिक स्वीकृति दिने ।